नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
**जलस्रोत अनुसन्धान तथा विकास केन्द्र**

**कार्यालय सरसफाई तथा बगैंचा सम्भार सेवा करारमा लिने सम्बन्धि सिलबन्दी प्रस्ताव आव्हान**
**सूचना नं.: WRRDC/SAN/01/078-79**

प्रथम पटक प्रकाशित मिति: २०७९ असार ३० गते

१. आ.व. ०७९/८० को लागि जलस्रोत अनुसन्धान तथा विकास केन्द्रको कार्यालय सरसफाई तथा बगैंचा सम्भार प्रयोजनार्थ देहाय बमोजिमको सेवा आवश्यक भई सेवा करारमा लिनुपर्ने भएकोले सो कार्यको लागि इजाजत प्राप्त योग्य तथा इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट रीतपूर्वकको सिलबन्दी प्रस्ताव आव्हान गरिएको छ।

सरसफाईकर्मी संख्या: केन्द्रको लागि ४ जना तथा गोदावरी स्थित हाइड्रोलिक ल्याबको लागि १ जना गरी जम्मा ५जना

बगैंचा माली संख्या: केन्द्रको लागि १ जना

आवश्यक सेवा अवधि: १(एक) वर्ष (सम्भावित अवधि -२०७९/०५/०१ देखि २०८०/०३/३२ सम्म)

२. प्रस्ताव फारम तथा यस सम्वन्धि थप जानकारीको लागि यस केन्द्रको प्रशासन शाखा, पुल्चोक (फोन नं:०१–५५३५५०२) मा सम्पर्क गर्न सकिनेछ।

३. प्रस्तावदाताले फर्म वा कम्पनी वा संस्थाको दर्ताको अद्यावधिक प्रमाणपत्र, नवीकरण भएको इजाजतपत्र, सामाजिक सुरक्षाकोषमा दर्ता/सुचीकृत भएको पत्र, आ.व. ०७७।७८ को करचुक्ता प्रमाणपत्र, मु.अ.कर / स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र रु.१०००।— (एक हजार मात्र) दस्तुर नगद सहित निवेदन पेश गरी प्रस्ताव खरिद गर्न सकिनेछ। प्रस्ताव सम्बन्धि फारम मिति २०७९/०४/१३ गते कार्यालय समय सम्म यस केन्द्रको जिन्सी फाँटबाट उपलब्ध हुनेछ ।

४. इच्छुक प्रस्तावदाताले मिति २०७९/०४/१५ गतेको दिउंसो १२:०० बजे भित्र जलस्रोत अनुसन्धान तथा विकास केन्द्र, पुल्चोकमा प्रस्ताव पेश गर्न सकिनेछ। उक्त समय भन्दा पछि पेश भएको प्रस्तावलाई मान्यता दिइने छैन।

५. प्रस्तावको मान्य हुने अवधि प्रस्ताव खोलेको मिति देखि ४५ दिनको हुनेछ। प्रस्तावदाताले प्रस्तावको साथ प्रस्ताव जमानत रकम रु. ४०,०००/- नेपाल बैंक लिमिटेड, गाः बहाल शाखा स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको धरौटी खाता नं ०१८०२०००००००००३००००५१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो बराबरको रकम प्रस्ताव बुझाउने अन्तिम मिति बाट कम्तिमा ७५ दिन मान्य हुने अवधि भएको नेपालको कुनै वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कलै जमानत (बैंकग्यारेण्टी) पेश गर्नुपर्नेछ।

६. दर्ता वा पेश भएका प्रस्तावहरु मिति २०७९/४/१५ गते दिनको १३:०० बजे जलस्रोत अनुसन्धान तथा विकास केन्द्र, पुल्चोकमा प्रस्तावदाता वा निजको अख्तियार प्राप्त प्रतिनिधि को रोहवरमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा प्रस्ताव खोल्ने कार्यमा वाधा पर्नेछैन।

७. प्रस्ताव खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

८. प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने साथै प्रस्ताव रद्द गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ।

९. एक फर्मको नाममा खरिद गरिएको सिलबन्दी प्रस्ताव फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

१०. यस सूचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

| सि.नं. | सूचना नं | कामको विवरण | सम्बन्धित कार्यालय | लागत अनुमान रु.(मू.अ.क.बाहेक) | जमानत रु. |
|---|---|---|---|---|---|
| १ | WRRDC/SAN/01/078-79 | जलस्रोत अनुसन्धान तथा विकास केन्द्रको हाता भित्र र केन्द्रको गोदावरी हाइड्रोलिक ल्याबको सरसफाई तथा बगैंचा सम्भार कार्य | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र, पुल्चोक, ललितपुर | १३३८८२८।७० | ४००००।— |